आज मिति २०८०।०९।१७ गतेका दिन अपरान्ह ३:३० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ३४ औं बैठक बसी तपशिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

तपशील

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | K.Kilo |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | माधव कुमार जैसी | सचिव | |

अन्य उपस्थिति

१ भानुभक्त उपाध्याय (प्रशासन शाखा प्रमुख)

२. सुरेश उपाध्याय (नगर प्रमुख सचिवालय)

Scanned with CamScanner

**प्रस्ताव नं. १ योजना संशोधन तथा रकमान्तर सम्बन्धमा ।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा योजना संशोधन र रकमान्तरका लागि लम्कीचुहा नगरपालिकाको कार्यालय र वडा कार्यालयबाट पेश भएका योजनाहरु आवश्यक संशोधन र रकमान्तरका लागि १२ औ नगरसभामा प्रस्ताव पेश गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. २ योजना तथा कार्यक्रमको म्याद थप गर्ने सम्बन्धमा ।**

निर्णय नं. २ प्रस्ताव नं. २ माथी छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा संचालित तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरुको लम्कीचुहा नगरपालिकाको मिति २०८०।०४।२२ को कार्यपालिका वैठकबाट २०८० साल भाद्र १ गते देखि सार्वजनिक खरिद नियमावली अनुसार तोकिएको पुर्वनिर्धारित क्षतिपूर्ति लिने गरी मिति २०८० साल मंसिर मसान्तसम्म अन्तिम पटक म्याद थप गर्ने निर्णय भएकोमा उक्त समयावधिभित्र काम सम्पन्न नगर्ने निर्माण व्यवसायीहरु र योजनाका सम्बन्धमा आवश्यक निर्णयका लागि १२ औं नगरसभामा पेश गर्ने निर्णय पारित गरियो ।

<u>तपशिल:</u>

| क्र.सं. | योजनाको नाम |
|---|---|
| १ | वडा नं. १ को विभिन्न स्थानमा सडक कालोपत्रे |
| २ | सि टोल पिपल चौतारा देखि बि टोल खल्ला र बसपार्क जोड्ने साथै अन्य रोड कालोपत्रे |
| ३ | झुङ्गा टोल हुँदै मेगाश्री कम्पनी जाने र अन्य रोड कालोपत्रे |
| ४ | श्री राष्ट्रिय नमुना मा.वि. अगाडी हाईवे गेटदेखि दक्षिण र सेरे दमाईको घरसम्म सडक कालोपत्रे |
| ५ | वडा नं. २ को विभिन्न स्थानमा सडक कालोपत्रे |
| ६ | वडा नं. ३ को विभिन्न स्थानमा सडक कालोपत्रे |
| ७ | वडा नं. ४ को विभिन्न स्थानमा सडक कालोपत्रे |
| ८ | वडा नं. ५ को विभिन्न स्थानमा सडक कालोपत्रे |
| ९ | वडा नं. ७ को विभिन्न स्थानमा सडक कालोपत्रे |
| १० | हरदानी देखि जानकी गा.पा. को सिमानासम्म सडक कालोपत्रे |
| ११ | खेतगाउँ मलभङ्गा डमरिया खानेपानी सडक कालोपत्रे |
| १२ | वडा नं. ८ का विभिन्न स्थानमा सडक कालोपत्रे |
| १३ | वडा नं. १० का विभिन्न स्थानमा सडक कालोपत्रे |
| १४ | वार्ड नं. ५ ( थापापुर देखि दक्षिण् ) सडक कालोपत्रे |

Scanned with CamScanner

| | |
|---|---|
| १५ | बल्चौर बादी बस्ती सुरक्षित आवास निर्माण |
| १६ | वार्ड नं. ६ ( गुलरा जगलाल चौधरी को घर देखि उत्तर स्वास्थ केन्द्र र बावनपुर चोरी पुर्व खोला देखि उत्तर सडक कालो पत्रे वार्ड न ६ |
| १७ | वडा नं. ४ का बाँकी रोड कालोपत्रे |

**प्रस्ताव नं. ३ करार कर्मचारीको म्याद थप सम्बन्धमा ।**

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा विगत लामो समयदेखि कामकाज गर्दै आएका करार सेवाका कर्मचारीहरुको करार म्याद २०८१ असार मसान्तसम्म थप गर्ने सम्बन्धमा १२ औ नगरसभामा पेश गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ४ दैनिक ज्यालादारीमा अ.हे.ब. सहायक चौथौ पदमा नियुक्ति सम्बन्धमा ।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ७ बस्ने जयलक्ष्मी कोइराला लम्कीचुहा नगरपालिका वडा नं ७ को आधारभुत स्वास्थ्य केन्द्रमा अ.हे.ब. सहायक चौथौ पदमा मिति २०८० मंसिर १ गते देखि कामकाज गरिरहेको हुँदा कामकाज गरेको मिति देखी लागु हुने गरी अ.हे.ब. सहायक चौथौ पदमा लागि तोकिए बमोजिमको रकम भुक्तानि गर्ने गरी बढीमा ६ महिना दैनिक ज्यालादारीका रुपमा कामकाजमा लगाउने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ५ Sanitary Pad खरिदका लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा आर्थिक वर्ष २०८०।८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि लम्की बहुमुखी क्याम्पस लम्कीचुहा -१ कैलालीका छात्राहरुलाई Sanitary Pad खरिद गरी वितरण गर्नका लागि रु १,००,०००।०० अक्षेरुपी रु एक लाख मात्र विनियोजन गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ६ सामाजिक विकास समितिलाई रकम विनियोजन सम्बन्धमा ।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल लम्कीचुहा नगरपालिकाको सामाजिक विकास समितिलाई आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि रु १,००,०००।०० अक्षेरुपी रु एक लाख मात्र विनियोजन गर्ने निर्णय पारित गरियो।

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

प्रस्ताव नं. ७ अपाङ्ग स्याहार भत्ता  रकम विनियोजन सम्बन्धमा ।

निर्णय नं. ७  प्रस्ताव नं. ७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि लम्कीचुहा नगरपालिका भित्रका अपाङ्गता भएका (रातो कार्ड भएका र निलो कार्ड भएका मध्ये दृष्टिविहिन भएका ) व्यक्तिहरुका परिवारहरुलाई अपाङ्ग स्याहार भत्ता रकम वितरणका लागि रु १०,००,०००।०० अक्षेरुपी रु दश लाख मात्र विनियोजन गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ८ रकम विनियोजन सम्बन्धमा ।

निर्णय नं. ८  प्रस्ताव नं. ८ माथि छलफल गर्दा आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि लम्कीचुहा नगरपालिका वडा न. ६ को वडा कार्यालय भवन डेकोरेसन कार्य गर्न रु  ३,००,०००।०० अक्षेरुपी रु तीन लाख मात्र विनियोजन गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ९  दुई पाङ्ग्रे सवारी साधन खरिदको लागि अपुग रकम विनियोजन सम्बन्धमा ।

निर्णय नं. ९  प्रस्ताव नं. ९ माथि छलफल गर्दा रोजगार सेवा केन्द्र  लम्कीचुहा नगरपालिका भल्का कैलालीको *रोजगार सेवा केन्द्रको सुदृढिकरण (कम्प्युटर, फर्निचर, फिक्चर्स, क्यामेरा, अन्य विद्युतीय उपकरण )* शीर्षकबाट  दुई पाङ्ग्रे सवारी साधन खरिद गर्न  अपुग भएको रकम आर्थिक वर्ष २०८०।०८१ को सवारी साधन खरिद शीर्षकबाट व्ययभार हुने गरी भुक्तानि गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. १०  गाडि मर्मतको रकम भुक्तानि सम्बन्धमा ।

निर्णय नं. १०  प्रस्ताव नं. १० माथि छलफल गर्दा राष्ट्रिय भूमि आयोग जिल्ला समिति कैलालीले गाडि मर्मत वापतको रकम भुक्तानिका लागि अनुरोध भई आएकोले उक्त गाडि मर्मत वापतको रकम आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि  रु २,००,०००।०० अक्षेरुपी रु दुई लाख मात्र भुक्तानि गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ११ आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा पेश हुन आएका निवेदनहरुको जाँच गरि तपशील अनुसारको आर्थिक सहयता आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्य सामाजिक सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

तपशील

१. लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी पाना शाहीलाई - १५०,०००।०० अक्षेरुपी एक लाख पँचास हजार मात्र

२. लम्कीचुहा नगरपालिका वडा नं. ४ निवासी रुप बहादुर ओखेडालाई रु २५,०००।०० अक्षेरुपी पच्चिस हजार मात्र

३. लम्कीचुहा नगरपालिका वडा नं. ६ निवासी चन्द्रकला कट्टेललाई रु २५,०००।०० अक्षेरुपी पच्चिस हजार मात्र

**प्रस्ताव नं. १२ नेपाल रेडक्रसलाई सहयोग सम्बन्धमा।**

निर्णय न. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा मिति २०८०।०३।०५ गते बसेको जिल्ला विपद व्यववस्थापन समितिको बैठकबाट जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमा विगत ६ वर्षदेखि रेडक्रसको सहयोगमा परियोजना मार्फत प्राविधिक सहयोग हुँदै आएकोले परियोजना २०७८ मंसिर १६ गतेबाट समाप्त भएकोमा जिल्लाको समग्र विपद व्यवस्थापन स्थानीय तहको विपद् व्यवस्थापन योजना निर्माण विपदको समय तथा विपदसँग सम्बन्धित कार्यहरुमा सरोकारवालाहरुसँग समन्वय तथा सूचना व्यवस्थापनमा जिल्लाका सबै स्थानीय तहबाट लागत साझेदारी गरी स्थानीय तहहरुमा विपद सम्बन्धि योजना निर्माण सहजकर्ता जिल्ला विपद समन्वय एवं सूचना संचारकर्ताको रुपमा र जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र Deoc का पूर्ववत जिम्मेवारी समेत सम्पादन गर्ने गरी अर्को व्यवस्था नहुदासम्म सूचना व्यवस्थापन अधिकृतलाई निरन्तरता दिने गरी सबै स्थानीयतहबाट लागत साझेदारी रहने गरी नेपाल रेडक्रसलाई प्रति स्थानीय तहले रु रु १००,०००।०० अक्षेरुपी एक लाख मात्र कादरले रकम उपलब्ध गराउने निर्णय भए बमोजिम नेपाल रेडक्रसलाई रु १००,०००।०० अक्षेरुपी एक लाख सहयोग गर्ने निर्णय पारित गरियो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रमाणित

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

CS Scanned with CamScanner